


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २२ ❑ अङ्क ३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २ गते आइतबार ❑ 14 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## सफल म्याराथन प्रतियोगिताको उपाधि आर्मीका राजन रोकायालाई

### २१ किलो मिटरको हाफ म्याराथनको उपाधि पुलिसकी पछ्याइलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**

त्रिभुवन आर्मी क्लवका राजन रोकायाले १५ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगिताको उपाधि जितेका छन् ।

पोखरामा शनिबार भएको उक्त प्रतियोगितामा उनले २ सय ८ जना प्रतियोगिहरुलाई पछि पार्दै निर्धारित दुरी २ घण्टा २७ मिनेट १ सेकेण्डमा पार गरी उपाधि जितेका हुन् । तनहुँको ऋषिङ गाउँपालिकाले गत पुष २७ गते आयोजना गरेको प्रथम ऋषिङ्ग म्याराथन २०७७ मा उपाधि जितेका आर्मीका रोकायाले एक महिना भित्रै पोखरा म्याराथनको उपाधि समेत आफनो पोल्टामा पार्दै उपाधि सहित दुई लाख नगद पुरस्कार प्राप्त गरेका हुन् । आर्मीकै ज्ञान प्रसाद भट्टराई दोश्रो भए भने आर्मीकै देवराज बस्नेत तेश्रो भए ।

भट्टराईले निर्धारित दुरी २ घण्टा ३३ मिनेट ४८ सकेण्डमा पार गर्दा बस्नेतले भने २ घण्टा ४२ मिनेट ३३ सेकेण्डमा उक्त दुरी पार गरेका हुन् । पाचथरका प्लस टु का एक बिद्यार्थी प्रताप थामस्वाङ( लिम्वु) ले निधर्भारित दुरी २ घण्टा ५४ मिनेट ८ सेकेण्डमा उक्त दुरी पार गरी शान्त्वना भएका हुन् । भूतपुर्व खेलाडी मञ्च नेपालको आयोजनामा शनिबार सम्पन्न भएको उक्त प्रतियोगितामा २ सय ९ जना धावकहरु सहभागि भएको मञ्चका अध्यक्ष तेज बहादुर गुरुङले बताए । त्यसै गरी महिला



तर्फको २१ किलोमिटर अर्थात हाप म्याराथन प्रतियोगिताको उपाधि नेपाल पुलिसकी राजपुरा पछ्याईले जितेकी छन्। उनले २६ जना प्रतियोगिहरुलाई पछि पार्दै निर्धारित दुरी १ घण्टा २७ मिनेट १ सेकेण्डमा पार गरी उपाधि सहित नगद एक लाख हात पार्न सफल भईन् । आठौं राष्ट्रिय खेलकुदमा स्वर्ण पदक विजेता पछ्याईले केही समय अघि जापानमा भएको म्याराथनमा फास्टेसको रुपमा उपाधि हात पार्न सफल खेलाडी हुन् ।

जुम्ला स्थित कर्णाली स्पोटर्स क्लवकी राममाया बुढा प्रतियोगितामा दोश्रो भईन भने शसस्त्र प्रहरी वलको एपिएफकी विन्दा श्रेष्ठ तेश्रो भएकी छन् । प्रतियोगितामा बुढाले निर्धारित दुरी १ घण्टा ३० मिनेट ४४ सेकेण्डमा पार गरीन भने श्रेष्ठले निर्धारित दुरी १ घण्टा ३१ मिनेट १३ सकेण्डमा पार गरेकी हुन् । पुलिसकी रेखा विष्टले निर्धारित दुरी १ घण्टा ३६ मिनेट १४ सेकेण्डमा पार गरेकी गरी शान्त्वाना हुन सफल भईन् । प्रतियोगितामा २७ जना सहभागि भएको मञ्चका पूर्व अध्यक्ष खड्गबहादुर रानाभाटले बताए । विजयी खेलाडीहरुको टोलीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश कुमार शिलवाल, नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठ, महासचिव दीलेन्द्रराज श्रेष्ठ, सहारा यूकेका धनु थकाली, सहारा क्लवका बरिष्ठ उपाध्यक्ष हरिराम गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए ।

यस बर्ष भने कोरोनाको कारणले गर्दा विदेशबाट व्यवसायीक धावकहरु उक्त प्रतियोगितामा सहभागिता नभएको मञ्चले जनाएको छ। यद्यपी विदेशी कुटनितीक नियोग तथा अन्य केही विदेशीहरु भने सहभागि भएका थिए । कोरोनाले प्रभावित भएको खेल क्षेत्रलाई प्रबर्द्धन गर्न र सफल पोखरा म्याराथनलाई निरन्तरता दिन पनि यस बर्ष उक्त प्रतियोगितामा सके सम्मको आवश्यक स्वास्थ्य मापदण्ड पालना गरी संचालन गरेको अध्यक्ष गुरुङले बताए । ४२.१९५ किलोमिटर दौड (म्याराथन) का

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सरकारको लोकप्रियताकै कारण अन्तर्राष्ट्रिय मञ्चमा नेपाल खोज्न थालियो : प्रधानमन्त्री ओली

**रासस**
**काठमाडौं, १ फागुन**

प्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओलीले सरकारको लोकप्रियताकै कारण अन्तरराष्ट्रिय मञ्चमा नेपाल खोज्न थालिएको बताएका छन् ।

राष्ट्रिय स्वाधिनताका पक्षमा प्रतिबद्ध रहेकै कारण विश्व मञ्चमा नेपालको उपस्थिति देखिएको उनको भनाइ छ । "पहिले नेपाललाई बोलाउने चलन थिएन तर अहिले खोज्न थालिएको छ, विश्वमञ्चमा नेपालको उपस्थिति अहिले आवश्यकता हुन थालेको छ", उनले भने । नेकपा प्रदेश कमिटीले आज बुटवलमा आयोजना गरेको बृहत् जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सामाजिक परिर्वतन, समृद्धि र सुशासनका लागि सरकार अघि बढिरहेका बेला समस्या सिर्जना भएको भन्दै केही मानिसले देश बनाउने नभई आफू र आफ्नो गुट बनाउने उद्देश्य नछाडेको उल्लेख गरे । पार्टीभित्र शुद्धीकरणको आवश्यकता भएका बेला केही व्यक्ति बाहिरिएपछि बल्ल पार्टी शुद्धीकरण भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले प्रचण्ड र नेपाल पार्टीबाट बाहिर गएर शुद्धीकरण हुनुका साथै पार्टी गतिशिल भएको दाबी गरे । "तीन वर्ष पार्टी निस्प्रभावी भयो । गएका वर्षमा हामीले यस्तो आमसभा गर्न सक्दैन थियौं । अहिले जनतामा उत्साह छाएको छ", प्रधानमन्त्री ओलीले भने, "आन्दोलनले शुद्धीकरण खोजेको थियो । अहिले आफैं महाशुद्धीकरण भएको छ ।"



प्रधानमन्त्री ओलीले आफ्नै पार्टीले तीन वर्षसम्म काम गर्न नदिएको स्पष्ट पारे ।

पार्टीमा देश बनाउने उद्देश्यमा सहमत हुन नसक्ने तत्व पार्टी छोडेर सडकमा पुगेको बताउँदै उनले ताजा जनादेशका लागि जनतामा जानु प्रतिमगन हो भने तपाइँले कस्तो व्यवस्था खोजेको हो भनी प्रश्न गरे । उहाँले भने, "देश बनाउने कुरा छैन तर, प्रधानमन्त्री बन्नुपर्‍यो, अर्कालाई पार्टी अध्यक्ष बन्न मन लाग्यो । मैले महाधिवेशनबाट अध्यक्ष चुन्ने प्रक्रियामा जाउँभन्दा उधारो होइन हाताहाती नगद चाहियो भन्ने ?"

तीन वर्षदेखि बन्न नसकेका संवैधानिक आयोग दाहाल-नेपाल पक्ष गएपछि बनेको र काम पनि हुन थालेको बताउँदै प्रधानमन्त्री ओलीले देश बनाउने सङ्कल्पका साथ नेकपा एकताबद्ध भएर अघि बढेको विचार व्यक्त गरे । सबैले बुझ्ने गरी पार्टी विरोधी गतिविधि हुँदा नेकपा फुट्छ भन्ने आँकलन धैरैले गरेको बताउँदै देशको हित नचाहने बाहिरीएर केही फरक नपर्ने तर्क गरे ।

प्रधानमन्त्री ओलीले भने, "हामी देश बनाउन हिँडेका छौं, त्यसैले जित्छौं। १० वर्षसम्म प्रचण्डले झुक्याउनु भएको थियो । अब त्यो समय गयो, जनता अलमलिदैनन् ।" सरकारलाई आलोचना गर्ने क्रममा विकास निर्माणका कामलाई नजर अन्दाज गर्ने काम भएको उल्लेख गर्दै उनले पूर्वाधार विकास निर्माणमा उल्लेखनीय काम भएकाले प्रदेश र स्थानीय तहमा विकासको लहर सिर्जना भएको जनाए ।

प्रधानमन्त्री ओलीले लुम्बिनीमा पाँच हजार क्षमताको सभाहल तथा ध्यान केन्द्र निर्माण, भैरहवा बुटवल हुँदै पोखरा जाने सिद्धार्थ राजमार्ग डबल लेन, कालीगण्डकी करिडोर निर्माणाको प्रक्रिया अघि बढेको जानकारी गराए । यो भूभाग पुरानो सभ्यताको इतिहास भएको क्षेत्र रहेको चर्चा गर्दै उहाँले लुम्बिनी क्षेत्र रामापिथेकसको बङ्गारा भएको स्थान, कपिलमुनिको भूमि, धेरै ज्ञानी ध्यानी ऋषिमूनिको स्थलसमेत भएकाले लुम्बिनीको महत्व छुट्टै रहेको बताए । उनले कोही पनि मानिस सडकमा अलपत्र नपरोस् भन्नका लागि सरकार नै अभिभावक हो भनेर गाँस, बास र कपासको व्यवस्था गरिएको बताउँदै प्रधानमन्त्री ओलीले २०७८ सालसम्म नेपाललाई सहयोगापेक्षी मानव मुक्त बनाउने तयारी गरेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आर्मी र गण्डकी प्रदेश तथा महिला तर्फ पुलिस र एपिएफ टाइगर कप भलिवल

## प्रतियोगिताको उपाधि पुरुष तर्फ गण्डकी प्रदेशलाई महिला तर्फ भने पुलिसलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**

प्रथम टाइगर कप आमन्त्रित राष्ट्रिय भलिवल प्रतियोगिता अर्न्तगत पुरुष तर्फ गण्डकी प्रदेश र महिला तर्फ विभागिय टोली नेपाल पुलिस क्लवले उपाधि जितेको छ ।

पोखरा रंगशालाको भलिवल कोर्टमा हजारौं दर्शकहरु माझ शनिबार भएको फाइनल खेलमा गण्डकी प्रदेशले त्रिभुवन आर्मी क्लवलाई र पुलिसले शसस्त्र प्रहरी वलको एपिएफलाई पराजित गर्दै उपाधि जितेका हुन्।

गण्डकी प्रदेशले फाइनल खेलमा आर्मीलाई २५–२२, २१–२५, ३२–३०, २३–२५ र १५–११ को सेटमा पराजित गरेको हो । त्यसै गरी महिला तर्फ भएको फाइनल खेलमा पुलिसले एपिएफलाई २५–२२, २५–२२ र २५–२१ को सोझो सेटमा पराजित गर्दै उपाधि जितेको हो ।

प्रतियोगितामा विजेता टोली पुरुष तथा महिलालाई जनही १ लाख ५० हजार, उपविजेता महिला तथा पुरुषको टोलीलाई पनि जनही ७५ हजारको साथमा ट्रफी मेडल प्रमाण–पत्र वितरण गरिएको छ । प्रतियोगितामा



पुरुष तर्फ पुलिस तेश्रो भएको छ भने एपिएफ शान्त्वना भएको हो । त्यसै गरी महिला तर्फ न्यू डायमण्ड एकेडेमी तेश्रो भएको छ भने आर्मी शान्त्वना भएको छ । तेश्रो हुनेलाई जनही ३५/३५ हजार र शान्त्वना हुनेलाई जनही १५/१५ हजार प्रदान गरिएको छ । प्रतियोगितामा पुरुष तर्फ गण्डकी प्रदेशका घनश्याम चौधरी र महिला तर्फ पुलिसकी उसा भण्डारी सर्वउत्कृष्ट खेलाडी घोषित भएका छन्। उनीहरुलाई जनही नगद २० हजारको साथमा ट्रफी प्रदान गरिएको टाइगर ग्रुप पोखराका सचिव प्रकाश बरालले बताए । त्यसै गरी प्रतियोगितामा पुरुष तर्फ उत्कृष्ट ब्लकरमा आर्मीका हरी अधिकारी, उत्कृष्ट सर्भरमा आर्मीका शरणसामरी क्षेत्री, उत्कृष्ट स्पाइकरमा आर्मीका धन बहादुर भट्ट, उत्कृष्ट सेटरमा गण्डकीका सुजन चोखाल, उत्कृष्ट डिफेण्डरमा गण्डकीका राजन दर्लामी मगर र उत्कृष्ट प्रशिक्षकमा गण्डकीका रमेश केसी घोषित भएका हुन् ।

त्यसै गरी प्रतियोगितामा महिला तर्फ उत्कृष्ट ब्लकरमा एपिएफका हिरा केसी, उत्कृष्ट सर्भरमा न्यू डायमण्डकी प्रतिभा माली, उत्कृष्ट स्पाइकरमा एपिएफकी सरस्वती चौधरी, उत्कृष्ट सेटरमा प्रहरीकी कमला पुन, उत्कृष्ट डिफेण्डरमा पुलिसकी शसीकला तामाङ, उत्कृष्ट प्रशिक्षकमा पुलिसकै रुपेश विष्ट घोषित भएका हुन् । उनीहरुलाई जनही जनही ५/५ हजार पुरस्कार प्रदान गरिएको हो ।

विजयी खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश कुमार शिलवाल, सदस्य राजेशकुमार गुरुङ, लक्ष्मी हाउसका प्रबन्ध निर्देशक शुनिल श्रेष्ठ लगायतले पुरस्कार वितरण गरेका थिए । टाइगर ग्रुपका अध्यक्ष नारायण शर्माको अध्यक्षतामा प्रतियोगिता समापन भएको हो ।



# समुदायिकमूखि हुन रेडियो सक्रिय हुनुपर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**

आम समुदायप्रति पूर्ण समर्पित भई समुदायमूखि कार्यक्रमहरु गर्न सामुदायिक रेडियोहरुको भूमिका महत्वपूर्ण हुने पोखरामा आयोजित कार्यक्रममा जोड दिइएको छ।

१० औं विश्व रेडियो दिवसको सन्दर्भमा नयाँ विश्व नयाँ रेडियो अभियान बोकेको सामुदायिक रेडियो प्रसारक संघ मार्फत देशैभर रेडियोको माध्यमबाट भएको कार्यक्रमहरुबढी प्रभावकारी रहेको छ । रेडियोबाट हुने कार्यक्रमको माध्यमबाट समुदायमा प्रत्यक्ष जोडिने मौका सहित आवाज विहीनको आवाज बन्न रेडियोको रचनात्मक सहयोग रहेको संघका केन्द्रिय सदस्य गणेश श्रेष्ठले बताए।

रेडियोलाई थप प्रभावकारी बनाउँदै पोखरालाई मिडिया हब सेन्टरको रुपमा विकास गर्न सबै




रेडियोको एकता महत्वपूर्ण रहने श्रेष्ठले बताए।

सामुदायिक रेडियो प्रसारक संघ कास्कीका अध्यक्ष मोतिसागर अधिकारीको सभापतित्वमा भएको कार्यक्रममा रेडियो सराङ्गकोटका कार्यकारी निर्देशक कृष्ण थापा, प्रबन्धक योगेन्द्र श्रेष्ठ, रेडियो गोर्खालीका स्टेशन म्यानेजर खिमा गुरुङ्ग, थ्रि एन्जल्स रेडियोका सञ्चार प्रमुख जीवन सुवेदी, रेडियो पश्चिम पोखराका मंगला तिमिल्सिना, मानवअधिकार पत्रकार संघ गण्डकी (हुर्जा) का महासचिव सुसिल श्रेष्ठ लगायतले रेडियोको भूमिकाका बारेमा आ-आफ्नो धारणा राखेका थिए।

सोही कार्यक्रममा माला रानी रेडियो अर्घाखाँचीका स्टेशन म्यानेजर नविन खत्रीलाई पोखरामा रहेका ९ वटा सामुदायिक रेडियोहरुबाट रु. २७,००० संकलन गरी, संघको सङ्कलन खातामा जम्मा गरिएको छ । कार्यक्रममा संघको प्रभावकारीता, महाधिवेशन सम्बन्धमा छलफल भएको थियो।

# सफल....

विजेताले २ लाख उपविजेताले १ लाख र तेस्रो हुने खेलाडीले ७५ हजार रुपैयाँ, शान्तोना हुनेले २५ हजार साथमा ट्रफी मेडल, प्रमाणा–पत्र प्राप्त प्रदान गरिएको छ। महिला तर्फको हाफ म्याराथनको विजेताले १ लाख, उपबिजेताले ७५ हजार, तेश्रो हुनेले ५० हजार र शान्त्वना हुनेले भने १५ हजार नगद प्राप्त गरेको मञ्चका प्रमुख कार्यकारी अधिकृत केशव पाठकले बताए । प्रतियोगिता सम्पन्न गर्न करिब ५० लाख ६० हजार खर्च लाग्ने भएको मञ्चका अध्यक्ष गुरुङले जनाए । प्रतियोगितालाई सफल पार्न मुख्य प्रायोजक लक्ष्मी हाउसको उत्पादन सफल दुधले यस बर्ष ४ लाख ५० हजार आर्थिक सहयोग गरेको छ। पोखरा म्याराथनको अवसरमा रंगशालामा कलाकारले विभिन्न गित संगित प्रस्तुत गरेका थिए भने जुम्बा डान्स समेत प्रर्दशन गरी अतिथिहरुलाई सहभागि गराइएको थियो । कोभिडले गर्दा यस बर्ष अन्य विभिन्न दौड प्रतियोगिता केही समय पछि हुने भएको छ।



मदन पुरस्कार हस्तान्तरण : मदन पुरस्कार प्राप्त कृति "महारानी" उपन्यासका लेखक चन्द्रप्रकाश बानियाँलाई शनिबार पोखरामा आयोजित कार्यक्रममा मदन पुरस्कार हस्तान्तरण गरिँदै। तस्वीरः रासस

# हुर्जामा यशकुमारीको स्मति दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**

मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकीले शनिवार यशकुमारी जिसीको योगदानको स्मरण गरेर ३३ औं स्मृति दिवस मनाएको छ।

हुर्जाका सल्लाहकार अध्यक्ष राजेश पराजुलीले महिला शसक्तिकरणमा यशकुमारीको योगदान चिरस्मरणीय रहेको बताए।

यशकुमारी जिसी स्मृति मानवअधिकार पुरस्कार कोषका संस्थापक सविन जिसीले पिता २०१४ कार्तिक १४ गते पोखरा १९ लामाचौरमा इन्द्र र माता हुमकुमारी घर्तीका कोखबाट जन्मेकी जिसीको २०४५ फागुन १ गतेका दिन स्याङ्जाको महिला विकास कार्यालयमा सेवारत रहेकै बेला निधन भएकाले दिदीको योगदानलाई चिरस्थायी राख्न कोष स्थापना गरेको बताए।

कोषकी संरक्षक सीताकुमारी र सुमित्रा जिसीले आफ्नी छोरीको सम्झनामा हुने हरेक गतिविधिले उनको आत्माले चिरशान्ति



पाएको अनुभूति गरेको धारणा राखे । जरोटुप्पो संरक्षण साहित्य समाजका महासचिव मदन भण्डारीले जिसी परिवारले समाजसेवा र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान स्तुत्य रहेको बताए। संस्थाका उपाध्यक्ष वीरेन्द्र सापकोटाले हुर्जाका गतिविधिलाई जिसी परिवारसँगको सहकार्यले आफ्ना गतिविधि सञ्चालन गर्न थप उर्जा मिलेको बताए। संस्थाका महासचिव सुशील श्रेष्ठले अब छिट्टै राष्ट्रियस्तरमा आयोजना गरिएको अधिकारमैत्री मुक्तक प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण र जिल्ला प्रतिनिधिसँगको गोलमेच सम्मेलनको तयारीमा रहेको जानकारी गराए। अध्यक्षको आसनबाट बोल्दै असफल गौतमले हामीले मान्दै आएको स्वर्ग यदि छ भने यशकुमारीको स्वर्गमा बास होस् भन्ने कामनाका साथ गतिविधि सञ्चालन गर्ने र जिसी परिवारले संस्थाप्रति देखाएको विश्वास डग्मगाउन नदिने प्रतिबद्धता जाहेर गरे। स्मृति दिवसमा संस्थाका कार्यसमिति सदस्य सत्यता ख्वाउजु, अशोक पौडेल, संस्थापक अध्यक्ष कृष्ण अञ्जान ज्ञवाली, पर्वत, तनहुँ, लमजुङ र नवलपुर जिल्ला संयोजकलगायतले यशकुमारीको दिवंगत आत्माको चिरशान्तिका लागि भौतिक उपस्थिति भएर तथा दूरसञ्चारबाटश्रद्धाञ्जली अर्पण गरेका थिए।

# सरकारको....

बताए । सरकारले महिनाको १०० बाट शुरु गरेको वृद्धभत्ता अहिले दिनको १०० पुऱ्याइएको र ज्येष्ठ नागरिकलाई रु एक लाखसम्मको स्वास्थ्य बीमा गरिदिएको जनाउँदै सामाजिक सुरक्षाको दायरा पनि बढ्दै गएको उल्लेख गरे।

प्रधानमन्त्री ओलीले बेरोजगारी समस्या समाधानका लागि नागरिकलाई उत्पादनसँग जोड्ने काम भइरहेको बताउँदै सरकारको लोकप्रियता बढ्ने डरले षड्यन्त्र गरिएको धारणा राखे । प्रधानमन्त्री ओलीले सरकार चलाउन नदिइ देश अस्थिरतातर्फ लैजाने खेल भएपछि विशेषधिकार प्रयोग गरेर संसद विघटन गर्नुपरेको स्पष्ट पारे । "आफूलाई लोकप्रिय लागेको छ भने जनमतमा जानुपर्छ चुनावबाट तर्सिनु हुँदैन", प्रधानमन्त्री ओलीले भने।

हिजोका दिनमा परिवर्तनका लागि भनेर शहीदको पंक्तीमा लाम लाग्न सिकाएकाले सत्तामा पुगेपछि जनयुद्धका घाइते र शहीद परिवारको बेवास्ता गरेको बताए। "हिजो झुठा सपना बाँडेर कतिलाई शहीद, घाइते बनाए ती सबैलाई सरकारले सम्बोधन गर्छ । उनीहरूको उपचार र रोजगारीको व्यवस्था गर्छौं", प्रधानमन्त्री ओलीले भने। प्रधानमन्त्री ओलीले सरकारलाई बदनाम गर्ने तत्व सक्रिय रहेको बताउँदै हत्या हिंसामा संलग्न अपराधीलाई पानी मुनि गए पनि नछोड्ने प्रतिबद्धता जनाए। उनले मुलुकमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने भ्रष्टाचारी र अपराधीलाई कारवाही गर्ने बताए।

# विश्व हिन्दू महासंघ कास्कीको साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**

धार्मिक, सामाजिक, चारित्रीक एवं शैक्षिक उत्थान अभियानमा सक्रिय विश्वहिन्दू महासंघ कास्कीको सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

सभाको उद्घाटन गर्दै पूर्वमन्त्री समेत रहेका महासंघका केन्द्रीय अध्यक्ष रामचन्द्र अधिकारीले केही लोभीपापी पार्टीका नेताहरुका कारण देश धार्मिक द्वन्द उन्मुख भएको बताए । धर्म बिना शान्ती नहुने र यसको स्थायित्वका लागि सबै जातीय समाजहरु सहितको निर्णायक आन्दोलन गरी हिन्दू राज्य कायम गराउनुपर्ने बताए। कार्यक्रममा ब्राह्मण समाजका केन्द्रीय अध्यक्ष डा. नारायण अधिकारीले नेपालको शिक्षा नीति धार्मिक सांस्कृतिक हुन नसक्दा देशमा अराजक स्थिती आएको बताए । क्षेत्री समाज नेपालका केन्द्रीय उपाध्यक्ष कृष्ण बहादुर थापाले जातीय सद्भावका लागि सबै जातजातीको साझा एकता सहित राष्ट्रिय अखण्डता एवं हिन्दू राज्य कायम गराउन महासंघ लाग्नुपर्ने बताए।

महासंघका नवनियुक्त केन्द्रीय वरिष्ठ उपाध्यक्ष शंकर खरालले राष्ट्रिय जनगणनामा सबै सचेत भई राष्ट्रिय स्वाभिमान बचाउन आम नेपाली एक हुनुपर्ने बताए । सो कार्यक्रममा तमुधि नेपालका वरिष्ठ उपाध्यक्ष नारायण गुरुङ्गले बुद्ध र हिन्दू एकै आस्थाको प्रतिक रहदै आएकोमा सोलाई राजनीतिकरण गरीएकोले हिन्दूराज्य फालिनु स्वार्थपूर्ण रहेको बताए।

विश्वहिन्दू महासंघ कास्की अध्यक्ष पार्वता पौडेलको सभापतित्वमा भएको कार्यक्रममा जागौं राष्ट्रिय अभियानका शिव बस्ताकोटी, मानव धर्म सेवा समितिका पिताम्बरा वाइवा, उपाध्यक्ष भिम बहादुर बराल, डिल्लिराम बाँस्तोला, दशनामी समाजका केन्द्रीय सदस्य शारदा गिरी, महासचिव कमल प्रसाद पौडेल, कोषाध्यक्ष सविता घिमिरे लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रममा जिल्लाका पूर्व अध्यक्ष शंकर खराल वरिष्ठ उपाध्यक्ष चयन हुनुभएकोमा, कवयित्रि चन्द्रावती वाग्ले, अमर पुन, सपन गिरी सांस्कृति संयोज कउषा माता लगायत सहयोगीहरुलाई सम्मान गरेको छ। साधारण सभाले हिन्दूराज्य विरुद्ध हुने गतिविधि राष्ट्रिय सम्मानका विरुद्ध हुने अराजनीतिक गतिविधिका विरुद्ध चरणबद्ध अन्दोलन गर्ने निर्णय गरेको छ।

# एकपटक फेरि मोर्चा कसेर अघि बढौँ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, १ फागुन**

नेपाल कम्युनिष्ट पार्टी(नेकपा) दाहाल-नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' मुलुकको वर्तमान अवस्थाले परिवर्तनकारी शक्तिबीच गम्भीर आत्मसमीक्षा र शष्लेषण गरी एकपटक फेरि मोर्चा कसेर अघि बढ्नुपर्ने आवश्यकता देखिएको बताएका छन्।

जनता समाजवादी पार्टी (जसपा) सङ्घीय परिषद्का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईको 'गुमनाम आमाहरूको कथा' कृति शनिबारलोकार्पण गर्दै उहाँले मुलुक र जनताका लागि गम्भीरतापूर्वक आफ्नो दायित्व पूरा गर्न मोर्चा बनाउन आवश्यक रहेको जिकिर गरे । अध्यक्ष दाहालले भन्नुभयो, "संविधानले समावेशी लोकतन्त्रिक, सङ्घीय गणतन्त्र, समानुपातिक प्रतिनिधित्व र मौलिक हकसम्बन्धी विषयमा जग बसालेको थियो, सङ्घीयता र परिवर्तनको उपलब्धि एवं संविधानको मूल मर्ममाथि अहिले हमला भएको छ, पछिल्लो परिस्थितिले विचार र भावनाको नयाँ आधार सिर्जना भएको छ, यसबाट आउने परिणाम सकारात्मक हुनेछ ।"नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले मुलुकको पछिल्लो परिस्थितिले अगाडि बढ्ने मार्ग अझै स्पष्ट नभएका कारण मुलुकमा राष्ट्रिय आत्मविश्वासको सङ्कट देखापरेको बताए । उनले भने, "संविधानसभामा कुन शासन प्रणाली र व्यवस्थामा किन जाने भनी लामो छलफल र सम्झौताबाट जारी भएको संविधानले दिँदै नदिएको अधिकार प्रयोग गर्न खोज्दा जनताको मतमा विश्वासमा घात भएको छ, यसले राजनीतिप्रति जनतामा वितृष्णा पैदा भयो।"

लेखक एवं पूर्वप्रधानमन्त्री डा भट्टराईले मुलुकको राजनीतिक परिवर्तनको मूल कडीका रुपमा रहेको 'जनयुद्ध'बारे राजनीतिक दलसहित समाजका सबै तह र तप्काबीच समान बुझाइ हुन जरुरी रहेको बताए । उनले भने, "जनयुद्धको इतिहास लेख्न जरुरी छ, द्वन्द्वका समयमा कतिपय बेला आन्दोलन सञ्चालनमा ढङ्ग नपुगेको तथा पार्टीका निर्देशन पालना नहुँदा केही कमजोरी भए होलान, तर अहिले परिवर्तनको मूल जग जनयुद्ध अलपत्र परेको छ, इतिहासलाई नकार्ने र रक्षा गर्न नसक्ने हो भने इतिहास बिर्सनेले वर्तमान र भविष्यमा बनाउन सक्दैन।"

# ५७ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, १ फागुन**

नेपालमा थप ५७ जना कोभिड-१९ का सङ्क्रमित भेटिएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार गत २४ घण्टामा देशभर एक हजार ९०० जनाको पिसिआर परीक्षण भएकामा २७ महिला र ३० पुरुष गरी ५७ जनामा कोरोना पुष्टि भएको हो।

शनिबार काठमाडौँ उपत्यकामा १७ महिला र १४ पुरुष गरी ३१ सङ्क्रमित भेटिएका छन् । हालसम्म देशभर कोरोना सङ्क्रमितको कूल सङ्ख्या दुई लाख ७२ हजार ६१४ पुगेको छ।

मन्त्रालयका अनुसार हालसम्म २१ लाख १३ हजार ५४९ जनाको पिसिआर परीक्षण गरिएको छ।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# महिलाले थाले दुनाटपरीको व्यावसायिक उत्पादन

**पोखरापत्र संवाददाता**
**वालिङ, १ फागुन**

बढ्दो आधुनिकतासँगै लोपोन्मुख अवस्थामा पुगेको दुनाटपरीको संरक्षणका लागि वालिङमा व्यावसायिक उत्पादन शुरु गरिएको छ।

वालिङ नगरपालिका र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को आर्थिक सहयोग तथा दियालो संस्थाको व्यवस्थापनमा वालिङ नगरपालिकामा सञ्चालित 'कोभिड-१९ उद्धार र सामाजिक आर्थिक प्रतिकार्य परियोजना' अन्तर्गत व्यावसायिकरुपमा दुनाटपरी उत्पादन शुरु गरिएको वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले बताउनुभयो । "वालिङ-८ छेउडाँडामा रहेको 'छेउडाँडा शिल्पकला समूह' लाई दुनाटपरी बनाउने तालीम तथा मेशिन हस्तान्तरण गरेका छौँ", उहाँले भन्नुभयो, "मेसिनको प्रयोगले छोटो समयमै धेरै दुनाटपरी बनाउन सकिने भएको छ।" प्लाष्टिकजन्य वस्तुको प्रयोगका कारण परम्परादेखि चल्दै आएको दुनाटपरी हराउँदै गएकाले यसको प्रयोग र संरक्षणमा जोड दिने गरी दुनाटपरी उद्योग स्थापना गरी व्यावसायिक उत्पादन थालिएको उहाँले बताउनुभयो।

"हाम्रो समाजमा विवाह, व्रतबन्ध र पूजाआजामा दुनाटपरीको प्रयोग गर्ने गरिन्थ्यो", उहाँले भन्नुभयो, "पछिल्लो समय यसको प्रयोग हराउँदै गएको छ, यसलाई पुनः प्रयोग गर्न सकेमा जङ्गलमा त्यसै खेर गइरहेका पातबाट लाखौँ आम्दानी गर्न सकिन्छ ।" कोभिड-१९ को प्रभावका कारण धेरैको रोजगारी गुमेका बेला यहाँ उत्पादन भएका दुनाटपरीको बजारीकरणका लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने उहाँले बताउनुभयो।

स्थानीयस्तरमा पाइने कच्चा पदार्थको प्रयोग गरी सामूहिकरुपमा सीप सिकेर उद्योग स्थापनासँगै दुनाटपरी उत्पादन थालिएको स्थानीय गीता रनपालले बताउनुभयो । सामूहिकरुपमा व्यवसाय थाल्दा काम गर्न पनि सहज र आम्दानी पनि लिन सकिने भएकाले यहाँका महिला दिदीबहिनीको आर्थिकस्तर उकास्नमा सघाउ पुग्ने दाबी रनपालको छ । "जन्म, मृत्यु तथा अन्य शुभ कार्यमा प्रयोग गरिने दुनाटपरी बनाउने सीपलाई थप व्यवस्थित बनाउँदै व्यावसायिकरुपमा विस्तार गर्ने उद्देश्य हाम्रो छ", रनपालले भन्नुभयो, "तालीमपश्चात उद्योग स्थापना भएकाले यहाँका महिला दिदीबहिनी व्यावसायिक उत्पादनका लागि उत्साहित र आकर्षित हुनुभएको छ।"

पछिल्लो समय परम्परागत दुनाटपरीलाई प्लाष्टिकजन्य वस्तुले विस्थापित गर्दै गईरहेका बेला प्रविधिको प्रयोगका कारण निकै प्रभावकारी देखिएको छ। मेसिनको प्रयोगबाट छोटो समयमा धेरै दुनाटपरी बनाउन सकिने हुँदा यसलाई व्यावसायीकरण गरी यहाँका स्थानीयको जीवनस्तरमाथि उकास्न सकिने स्थानीय रनपालको भनाइ थियो । साना साना पात भए सिन्काले जोड्ने र मेसिनमा राखेपछि टपरीको आकार दिने र विभिन्न प्रकारका दुनाटपरी बनाउन सकिने भएकाले समयको वचतसँगै वातावरणीय प्रदूषणलाई समेत कम गर्ने उहाँले बताउनुभयो। यहाँका ३० महिलाले सामूहिकरुपमा दुनाटपरी उत्पादनमा सक्रिय सहभागिता जनाएका छन्।

# सम्पादक आचार्यको निधन

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ फागुन**

बागलुङबाट प्रकाशन हुने कालिका साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद् दुर्गादत्त आचार्यको निधन भएको छ । उहाँको हृदयाघातका कारण आज निधन भएको परिवारले जनाएको छ।

शुक्रबार पोखरामा भएको एक कार्यक्रममा सहभागी भएर फर्किने क्रममा कास्कीको लुम्लेमा पुग्दा उहाँलाई हृदयाघात भएको थियो । उपचारका क्रममा उहाँको पोखरामा मृत्यु भएको हो । नेपाल प्रेस युनीयन बागलुङका पूर्वअध्यक्षसमेत रहनुभएका आचार्य सामाजिक र पत्रकारिता क्षेत्रमा क्रियाशील हुनुहुन्थ्यो । लामो समय शिक्षण पेशमा बिताउनुभएका आचार्यले धौलागिरि अञ्चलकै पहिलो एफएम रेडियो धौलागिरि एफएम व्यवस्थापन समितिका पूर्वअध्यक्षसमेत हुनुहुन्छ।

# राजधानीमा खानेपानीको माग ४३ करोड, आपूर्ति आठ करोड लिटर

**रासस**
**काठमाडौं, १ फागुन**

सङ्घीय राजधानी काठमाडौँ उपत्यकामा दैनिक ४३ करोड लिटर खानेपानीको आवश्यकता छ तर आपूर्ति भने वर्षात्मा १५ करोड लिटर र हिउँदमा आठ करोड लिटरमात्र भइरहेको छ।

वीरशम्शेरको पालादेखिको पाइप वितरण प्रणाली भएकाले करीब तीन करोड लिटर खानेपानी चुहावट हुने गरेको शनिबार राजधानीमा आयोजित काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को १३औँ वार्षिकोत्सव कार्यक्रममा जानकारी दिइयो। संविधानमा मौलिक हकका रुपमा उल्लेख गरिएको खानेपानी २४सै घण्टा आपूर्ति हुनुपर्ने भए पनि स्रोतका कारण नसकिएको लिमिटेडका अधिकारीहरुको स्वीकारोक्ति छ।


वार्षिकोत्सव कार्यक्रममा खानेपानी मन्त्री मणिचन्द्र थापाले संविधानमा मौलिक हकका रुपमा स्थापित खानेपानी सेवालाई चुस्त्रुपमा प्रवाह गर्न सरोकार भएका सबै निकाय लाग्नुपर्नेमा जोड दिनुभयो । "पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले देख्नुभएको मेलम्चीको सपना पूरा हुन लागेको छ, सपना देख्नेकै कार्यकालमा पूरा नभएपछि त्यसलाई अर्को पुस्ताले पूरा गर्नुपर्ने भएकाले अब हामी पूरा गर्ने चरणमा पुगेका छौँ, डेढ दशकदेखि उपत्यकावासीले शुद्ध खानेपानी पाउन गरेको आशा पूरा गर्न लागिपरेका छौँ", उहाँले भन्नुभयो।

मेलम्चीको पानी आएपछि वितरणका लागि तयार हुन मन्त्री थापाले लिमिटेडका कर्मचारीलाई निर्देशन दिनुभयो । मेलम्चीको पानी राजधानीमा आएर उपभोक्ताको धारामा गएन भने आइपर्ने राजनीतिक, सामाजिक र प्राविधिक प्रभावलाई ध्यान दिन पनि उहाँले लिमिटेडलाई सचेत गराउनुभयो।

मेलम्ची राष्ट्रिय गौरवको ठूलो आयोजना भएकाले यसको सफलता र असफलतामा देशको सफलता वा असफलता पनि जोडिएकाले कमाउको धन्दा, राजनीतिक मुद्दा नबनाउन मन्त्री थापाले आह्वान गर्नुभयो । मेलम्ची सम्पन्न भएपछि यसको सफलताका लागि लाग्ने सबै सम्मानका पात्र हुने उहाँको भनाइ थियो । मन्त्रालयका सचिव माधव बेल्वासेले अव्यवस्थित शहरीकरणका कारण खानेपानीको वितरण प्रणाली कताबाट कता जोडिएको छ भन्ने थाहा नहुने भएकाले चुहावटको समस्या समाधानमा कठिनाइ भएको बताउनुभयो । उपत्यकामा ३० देखि ४० प्रतिशत खानेपानी चुहावट भइरहेको उहाँले सुनाउनुभयो। यसलै हाल लिमिटेडले पाँच करोड लिटर पानीमाात्र बाँडिरहेको सचिव बेल्वासेले बताउनुभयो। विसं २०७८ को अन्त्यसम्म मेलम्चीको पानी राजधानीमा वितरण गर्ने मन्त्रालयको प्रतिबद्धता छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९४/०२/२७ गते

स्वर्गारोहणः
वि.स. २०७७/०९/१७ गते

**स्वः कीर्तिराज बराल**

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाका संचालक सदस्य भवसागर बराल, शेयर सदस्य बुद्धिराज बरालको पुजनीय पिता एवं शेयर सदस्य लक्ष्मी पोखेल बरालका ससुराबाबा **कीर्तिराज बराल** को ८३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज ४५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**माधब प्रसाद आचार्य**
**अध्यक्ष तथा**
**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था परिवार**
**पोखरा महानगरपालिका-१३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली

जन्मः
वि. स. २००८/०८/१७ गते



स्वर्गारोहणः
वि.स. २०७७/१० /१६ गते

**स्वः बिर बहादुर कोन्छे**

यस B13 हङकङका सदस्य राहुल तमुका पुजनीय पिता सिक्लेस घर भै हाल बाभापाटन, पोखरा १३ निवासी **बिर बहादुर कोन्छे** को ७१ वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**ध्रुब राज गौतम**
**अध्यक्ष**
**B13 हङकङ परिवार**